आठबीस नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : २ संख्या : ११ मिति : २०७५/१२/२८

भाग-२

आठबीस नगरपालिका

## महिला स्वास्थ्य क्लिनिक संचालन सम्बन्धी निर्देशिका

नेपालको पहाडी भेगमा महिलाहरुको पाठेघर खस्ने समस्या विकराल रुपमा जकडिएर रहेको छ । विगतमा विभिन्न पत्रपत्रिकामा पहाडी तथा हिमाली भेगका महिलाहरु यस समस्याबाट धेरै पीडित भएर घरबाट निकालिएका, अर्की श्रीमति ल्याउने, विभिन्न लाञ्छनापूर्ण जीवनयापन गर्न बाध्य भएका घटनाहरु भएका छन । त्यसको साथसाथै पाठेघरको मुखको समस्याले महिलाहरु अति ग्रसित रहेका छन र विभिन्न यौनरोगबाट ग्रसित महिलाहरुमा बाझोपन र गर्भपतन हुने मुख्य समस्याहरुबारे अनभिज्ञ समाजमा आफुबाट सन्तान नरहदा सन्तान राख्नका लागि आफुमाथि अर्की महिलासमेत ल्याएर श्रीमानलाई सहयोग गरेको यथार्थता व्याप्त छ । महिलाहरु जहिले पनि आफु भन्दा अरु घरपरिवारको स्याहार संहारमा सबै समय खर्च गर्ने परम्परागत संस्कारले आफ्नो स्वास्थ्यको बारेमा कम प्राथमिकता दिएका धेरै घटनाहरु हाम्रो समाजमा रहेका छन । घरपरिवार तथा घरको बोझले आफ्नो स्वास्थ्यको बारेमा चासो नदिने र बिरामी भए पनि पुरुष स्वास्थ्यकर्मीहरु छन भने आफ्नो वास्तविक समस्या नै नभनि रोग, समस्या लुकाएर राखेका कारण पाठेघरको मुखको क्यान्सर, यौनरोगले ग्रसित भई बच्चा खस्ने समस्या,



पाठेघर खसेर उपचार नपाएर बसेका यस्ता धेरै समस्याहरुको समाधान गरि महिलाहरुको स्वास्थ्य अवस्थामा सुधार ल्याउनका लागि यस कार्यक्रमको आयोजना गरिनेछ ।

**यस कार्यक्रमको उद्देश्य :**

१. महिलाहरुमा यौनरोगको अवस्था पत्ता लगाई स्वास्थ्य उपचार प्रदान गर्ने ।

२. महिलाहरुको पाठेघरको मुखको क्यान्सरको अवस्था बारे जानकारी गराइ थप उपचारका लागि उचित परामर्श र प्रेषण गर्ने ।

३. महिलाहरुको पाठेघर खसे नखसेको अवस्था बारे पत्ता लगाई उचित उपचारका लागि परामर्श र प्रेषण गर्ने ।

४. परिवार नियोजनका साधनबारे जानकारी गराई प्रभावकारी साधन प्रयोगका लागि उचित परामर्श गर्ने ।

**लक्षित समुदायहरु :**

१. महिलाहरु

२. गृहणीहरु

३. किशोरीहरु

**यस कार्यक्रमका यस कार्यक्रम संचालनका लागि अपनाइने प्रकृयाहरु**

यस कार्यक्रम संचालनका लागि तपसिलका क्रियाकलापहरु गरिनेछ

१. जिल्ला स्वास्थ्य कार्यालयलगायत अन्य सम्बन्धित निकायहरुसंग STI, VIA Test, Uterus Prolapse सम्बन्धि तालिम संचालनका लागि समन्वय गरिनेछ ।

२. यस नगरपालिकाका उपलब्ध सबै स्वास्थ्य संस्थाहरुका महिला कर्मचारीहरुलाई यस विषयमा तालिम उपलब्ध गराइनेछ ।

३. आवश्यक तालिम प्राप्त गरिसकेपछि आ-आफ्नो वडाहरुमा गाउँघरमा खोप कार्यक्रम संचालन हुने समय पारेर कार्यक्रम संचालन गरिनेछ तर कार्यक्रम संचालन पुर्व सम्बन्धित क्षेत्रमा व्यापक प्रचारप्रसार र सरोकारवालाहरु सबैसंग घनिष्ट समन्वय र सहकार्य गरिनेछ ।

**कार्यक्रम संचालन पश्चात प्राप्त हुने उपलब्धीहरु**

१. महिलाहरुमा यौन संक्रमण भएकामहिलाहरुको संख्यामा कमि भएको हुनेछ ।

२. आफ्नो यौनाङ्गहरु सफा राख्नु पर्छ भन्ने बानीको बिकास भएको हुने छ ।

३. पाठेघर खसेका महिलाहरुको पहिचान भएको हुनेछ साथै उनीहरुको शारिरीक  अवस्था अनुसार उपचारका लागि उचित परामर्श र पहल गरिनेछ ।

४. महिलाहरुको पाठेघरको मुखको क्यान्सर भए नभएको जानकारी हुने छ र थप उपचारका लागि उचित परामर्श गरिनेछ ।

५ महिलाहरुमा यौन संक्रमण हुने कारणहरु, पाठेघर खस्ने कारणहरुबारे जानकारी प्राप्त भएको हुन्छ ।

६. आफ्नो स्वास्थ्य बारे जानकार भई निश्चित समयमा जोखिम व्यवहारहरु कम गर्ने बानीको बिकास भएको हुनेछ ।

७. महिलाहरुको आफ्नो शारिरीक समस्याहरुको जोखिम महशुस गरेर उक्त समस्याको निराकरणका लागि निर्धक्क भएर समस्या राखी समाधानका पहल सक्ने छन ।

**आज्ञाले**

**कुलराज सुवेदी**

**प्रमुख प्रशासकीय अधिकृत**